**गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री नेत्रकला देवी शाहीज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यः**

ढकारी गाउँपालिका गाउँसभाको ११औं अधिवेशनको उद्घाटन समारोहका सभाध्यक्ष ज्यू,वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, यस सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु ।

१. संघीय लोकतान्त्रिक गणतन्त्र राज्य व्यवस्था अनुरुप ढकारी गाउँपालिकाको दोस्रो उपाध्यक्षको हैसियतले दोस्रो पटक आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम सहित वार्षिक बजेट प्रस्तुत गर्न पाउदा भाग्यमानी ठान्दछु । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जन विद्रोह, जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेत नेताहरु, समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण ढकारी गाउँपालिकाबासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. वि.सं. २०८० जेठ १५ गतेका दिन संघीय सरकारका माननिय अर्थमन्त्रीबाट आ.व. २०८०/८१ को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरुलाई विभिन्न अनुदान विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ । साथै प्रदेश सरकारवाट २०८० साल असार १ गते वार्षिक वजेट प्रस्तुत भई अनुदान प्राप्त भएको छ ।

३. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य निकायबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

- **यस बजेटका उद्देश्यहरु यसप्रकार रहेका छन ।**
  - ढकारी गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्दै दिगो र समावेशी विकास गर्ने,
  - गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,
  - संघ र प्रदेशबाट विनियोजित बजेटको प्रभावकारी वितरण गरी उच्चतम प्रतिफलमुखी विकास गर्ने,
  - आर्थिक, सामाजिक तथा राजनीतिक विकास गर्ने,
  - विकासलाई सन्तुलित ढंगबाट अगाडि बढाउने,
  - विकासका पूर्वाधारहरुको विकास गर्ने,
  - वातावरण संरक्षण गर्ने,

- कृषि, उर्जा र डिजिटल कनेक्टिभीटिको विकास गर्ने,
- राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

- **प्रस्तुत उद्देश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छः**
  - दिगो पूर्वाधारको विकास,
  - सामाजिक तथा आर्थिक विकास,
  - कृषिको आधुनिकीकरण र व्यवसायीकरण,
  - रोजगारीका अवसरहरुमा वृद्धि,
  - सहभागितामूलक योजना तर्जुमा,
  - शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा लगानी,
  - पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
  - वन तथा जलाधार संरक्षण,
  - अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपूर्ति र वितरण प्रणाली,
  - सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**क) भौतिक पुर्वाधार विकास तर्फ** नीति **तथा दिर्घकालिन लक्ष्य**

- आवधिक योजना, आवास योजना, र बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माणका आयोजनाहरु सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवम् प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका क्षेत्रलाई रकम विनियोजन गरी मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने एवम् आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइने छ।
- नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागू गरी सुरक्षित एवम् व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- डिजिटाइजेसन कार्य आगामी २ वर्ष भित्र सम्पन्न गरिने छ ।
- गाउँपालिका स्तरीय मुख्य सडक २ वर्ष भित्र ग्रावेल गरिने छ ।
- गाउँपालिका स्तरीय सडक मर्मत र सञ्चालन गरिने छ।
- वडा भवन निर्माण कार्य ३ वर्ष भित्र सम्पन्न गरिने छ ।
- स्थानीय उद्योग सञ्चालनमा टेवा पुग्ने कार्यक्रम अगाडी बढाइने छ ।
- ५ वर्ष भित्र गाउपालिकाको मुख्य सडक पक्की बनाउने र रणनीतिक सडकको लागि आवश्यक सडक विस्तारको लागि संघ प्रदेशसँग माग गरिने छ ।

- सम्पूर्ण वडामा स्वास्थ्य भवन निर्माण कार्य सम्पन्न गरिने छ ।
- गाँउपालिका बस सञ्चालनको लागी आवश्यक पूर्वाधार निर्माण गर्ने आगामी ३ वर्ष भित्र गाउँपालिका स्तरीय प्रत्येक वडा भइ जाने बस सञ्चालनमा ल्याइने छ।
- पूर्वाधार विकास शाखा तथा वडा प्राविधिकलाई तालिमको व्यवस्था गरिने छ।
- बलाता बेनिघाट सडक खण्ड निर्माण कार्य ३ वर्ष भित्र सम्पन्न गरिने छ ।
- प्रत्येक घरमा विद्युत सेवाको उपलब्धता सुनिश्चित गरिने छ।
- कृषि सडक निर्माण तथा सिंचाइ कूलो व्यवस्थापन गरिने छ ।
- एकिकृत बस्ती विकासको लागि नमुना बस्ती अवधारणा सुरुवात गरिने छ।
- १५ वर्ष भित्र स्मार्ट गाउँपालिका निर्माणको लागि आवश्यक पूर्वाधार निर्माणको काम अगाडी बढाइने छ ।
- थारा ढिल्की कसाती वडा कार्यालय टटाली सडक (ढकारी ७) विस्तार गरी स्तरोन्नती गरिने छ ।
- भकुन्डेगडा-भैसिखर्क-बगरकाडँडा-भलाने-लोडेघाट सडक निर्माण गरिने छ ।
- हिच्मा-गैराखाल-बलातिवाडा-फाटाबगर-चाइराखोला सडकको स्तरोन्नती गरिने छ ।
- हिच्मा-कापडा-जुतीखोला-हलेसी सडक निर्माण गरिने छ ।
- ढकारी गा.पा वडा नं ७ मा बड्डेडुफा दलित बस्ती निर्माण गरिने छ।
- ढकारी-रिमा-राउलासैन-चाइरा सडक स्तरोन्नती गरी दुन्ता देखी मंगलसेन सम्म सडक विस्तार गरिने छ ।
- पुनेपाटा-छिचुखाद- गल्वाल सडक स्तरोन्नती गरिने छ ।
- खेतगैरा- डोब्रेसैन- सुन्देवी सडक निर्माण गरिने छ ।
- चोइटेखाली- हात्तिबाज दाउनामोरा सडक निर्माण गरिने छ ।
- बलाता-पाल्ता लोडेघाट सडक निर्माण गरिने छ ।
- गडिहाले मल्लो ठूलासैन-तल्लो ठुलासैन स्याङ्लावन कोइरेली सडक निर्माण गरिने छ ।
- मैकाडाँडा- भौरिगाउँ-सल्लेरी सडक निर्माण गरिने छ ।
- लेक- बासकोट सडक निर्माण गरिने छ ।
- राक्सेखाँद- ज्ञानमन्दिर सडक निर्माण गरिने छ ।
- ढकारी गाउँपालिका अन्तर्गतका सम्पूर्ण सडकहरु स्तरोन्नतरी गरिनेछ ।
- ढकारी गाउँपालिका वडा नं. ७, बड्डाडुफामा दलित बस्ती निर्माण गरिनेछ ।

ख) <u>खानेपानी तथा सरसफाइ तर्फ</u>

- एक घर एक धाराको नीति लिइनेछ । नागरिकको घरदैलोमा खानेपानीको पहुँच विस्तार गर्न आवश्यक काम गरिनेछ ।
- ढकारी गाउँपालिकामा बसोबास गर्ने हरेक नागरिकले महिनामा एक दिन अनिवार्य जनश्रमदान गर्ने नीति लागू गरिनेछ ।
- "**गाउँपालिकाको प्राविधिक सहयोग र निर्माण सामग्री;उपभोक्ताको जनश्रमदान सहितको लागत साझेदारी**" नारा लिई कम लागत, उच्चतम् प्रतिफल सहित जनसहभागितामा आधारित विकास आयोजना निर्माण एवम् मर्मत सम्भारको नीति लिइनेछ ।
- "एक घर एक शौचालय" "एक घर एक फोहोर व्यवस्थापन खाल्डो" "एक घर एक रछ्यान" लाई कडाईका साथ लागू गरिनेछ ।
- सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय तथा खानेपानी धाराको निर्माण गरिने छ ।
- ढकारी गाउँपालिकाको बजार क्षेत्रमा पक्कि नाली निर्माणका लागि आवश्यक बजेट माग विनियोजन गरिनेछ ।
- ढकारी गाउँपालिका अन्तर्गत रहेका बजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि उचित स्थानमा फोहोर व्यवस्थापन क्षेत्र (Dumping Site) छुट्याई आवश्यक कार्य गरिनेछ ।
- ढकारी गाउँपालिकाको उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्न वृक्षारोपण सप्ताह सञ्चालनमा ल्याइनेछ ।
- बाल क्लव, युवा क्लव, आमा समूह लगायतका नागरिकहरुको सहभागितामा खानेपानी तथा सरसफांइ सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मैथुम ढकारी खानेपानी योजना सञ्चालनका लागि तालुक निकायसँग समन्वय र सहकार्य गरिनेछ ।
- बुढाखोला खानेपानी योजना (वडा नं ३) निर्माण गरिने छ।
- ढकारी गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ समिति गठन गरी आवश्यक काम गरिनेछ ।

<u>ग) आर्थिक विकास तर्फ</u>

<u>क ) कृषि तथा पशुपन्छी</u>

१. कृषि तथा पशुपन्छी तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. "एक वडा दुई फलफुल बगैचा" नारा सहित, ढकारी गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा १० रोपनी जग्गामा २/२ वटा फलफुल बगैचा स्थापना गर्न कार्यक्रम अगाडी बढाइने छ ।

३. ढकारी गाउँपालिका भित्रको कृषि तथा पशुपन्छीको तथ्यांकलाई एकिकृत गर्न कृषि तथा पशुपन्छी तथ्यांकको गणना कार्यलाई निरन्तरता दिइनेछ।

४. कृषि पशुपंक्षी पालनलाई व्यावसायिक बनाउन युवा स्वरोजगारमूलक मागमा आधारित युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

५. आफ्नै जग्गा वा जग्गा भाडामा लिई सामुहिक खेति गर्न चाहने सहकारी संस्था, कृषि समूह एवम् व्यक्तिलाई आवश्यक प्राविधिक एवम् अन्य समयोग प्रदान गरिनेछ ।

६. खाद्य पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. कृषिको उत्पादन तथा उत्पादकत्व बढाउनका लागि साना सिँचाई बिउ,मल,उन्नत नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. गाउँपालिका भित्रका पशुपंक्षी पालक कृषकका पशु तथा पंछीहरुमा लाग्ने विभिन्न रोगहरुको निःशुल्क उपचार तथा खोप व्यवस्थापन कार्यलाई प्रत्येक वडाबाट सञ्चालन गरिनेछ ।

९. दूध,मासु,माछा र अण्डामा आत्मनिर्भर बनाउनको लागि व्यवसायिक कृषकहरुलाई विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१०. पशु आहाराको विकास र व्यवसायिकता बढाउन डाले र भुई घाँसको व्यवस्था गरिनेछ ।

११. विभिन्न बालिको विउमा आत्मनिर्भर बनाउन विउ उत्पादन कार्यक्रम अगाडी बढाइने छ ।

१२. “**चिनौ आफ्नो माटो-बनाऔं ढकारी**” अभियान संचालन मार्फत युवाहरुलाई कृषि तर्फ उन्मुख हुने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. मौरीपालनलाई थप व्यवसायिकीकरण गर्न मौरी पालक कृषकहरुलाई अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

१४. उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. पशुपंछी आदिबाट हुने महामारी जन्य विभिन्न सरुवा रोग सम्बन्धी रोकथाम तथा नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१६. कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१७. भैंसी प्रवर्द्धन र बाख्रा विकास कार्यक्रम सञ्चालन गरिने छ ।

१८. “Green गाउँपालिका clean” गाउँपालिका बनाउन एक व्यक्ति एक रुख रोप्ने कार्यक्रम ल्याइने छ ।

१९. नमूना पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. खाद्यान्न बालीमा आत्मनिर्भर बनाउन खाद्यान्न उत्पादन उन्नत बिउ वितरण,चैते धानको क्षेत्र विस्तार,रैथाने बाली संरक्षण सम्बन्धी कार्यक्रमलाई बढावा दिईनेछ र कोदोसँग चामल साट्ने कार्यक्रम अगाडी बढाईनेछ ।

२१. कृषि तथा पशुपन्छी जन्य वस्तु बजारीकरणको लागि संकलन केन्द्र सञ्चालनमा ल्याईनेछ ।

२२. तरकारीको क्षेत्र विस्तारको लागि तरकारी प्याकेज र चक्लाबन्दीमा कार्यक्रम सञ्चालन गरिने छ ।

२३. रोग,किरा र बाली उपचारको व्यवस्था गरिनेछ ।

२४. एक वडा एक कृषि तथा पशुपन्छी सामुदायिक सेवा केन्द्र सञ्चालनमा ल्याईनेछ ।

२५. आयात प्रतिस्थापन गरी निर्यात प्रवर्धनका कार्यक्रम अगाडी बढाइनेछ ।

२६. ५ वर्षे कृषि विकास रणनीतिक योजना तयार गरिनेछ ।

**ख) महिला ,बालबालिका तथा जेष्ठ नागरिक**

१. महिलाको आर्थिक, सामाजिक, राजनीतिक र विकासात्मक क्षेत्रमा सहभागिता बढाउने तथा मूलप्रवाहीकरण गरी सशक्तीकरण गर्दै दिगो विकासका लक्ष्य हासिल गर्न विभिन्न अभिमूखिकरण अन्तरक्रिया र चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

२. लैंगिक हिंसा निवारण कोष स्थापना गरी हिंसा पिडित महिलाहरुलाई सहयोग तथा उद्धार गर्ने ।

३. लैंगिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रमशोषण, बालविवाह र छाउपडी जस्ता कुरीतिहरु न्यूनीकरण गरी सामाजिक न्याय तथा सुशासनको प्रत्याभूति दिलाउन जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

४. आकष्मिक बालकोषको स्थापना गरी हिंसा, द्वन्द पिडित, अनाथ र प्रकृतिक प्रकोपमा परेका बालबालिकाहरुलाई सहयोग र उद्धार गर्ने ।

५. स्थानीय सरकारप्रति अपनत्व बोध गराउन गाउँपालिकाका विपन्न, सीमान्तकृत, एकल, दलित र पिछडिएका जेष्ठ नागरिकहरुको सम्मान कार्यक्रम संचालन गर्ने ।

६. “ग” र “घ” वर्गका अपांग नागरिकहरुलाई मासिक भत्ता प्रदान गरिनेछ ।

७. विपन्न महिला, एकल महिला तथा अपांगता भएका व्यक्तिका लागि सिपमूलक तालिम संचालन गरी स्वरोजगार गराउने ।

**ग) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः**

**१.** आ.व.२०८०/८१ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा गाउँपालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवा केन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ। यस्तो साझेदारीमा आवश्यक कार्यविधी बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च गाउँपालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।

**२.** वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।

**३.** बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । गाउँपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना सम्बन्धित निकायमा प्रवाह गरिनेछ ।

**४.** वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

**५.** गरिबी न्यूनीकरण तथा रोजगारीका अवसर वृद्धि गर्न संघ तथा प्रदेश तहले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्रहरु विस्तार गरिनेछ ।

**६.** ढकारी गाउँपालिकालाई बेरोजगार मुक्त गाउँपालिका बनाउन पहलकदमी चालिनेछ ।

७. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि न्यूनतम पारिश्रमिकमा आधारित समुदाय केन्द्रित श्रममूलक योजना बनाइ लागू गरिनेछ ।

८. बेरोजगार व्यक्तिहरुलाई दक्ष तथा सक्षम जनशक्तिको विकास गर्न सिपमूलक तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

९. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ ।

१०.“युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरु लाई प्रोत्साहित गरिनेछ ।

११. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

१२. स्थानीय तहको रोजगार रणनिति तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

१३. रोजगार संवाद मञ्च गठन गरी सञ्चालनमा ल्याइने छ ।

१४. गाउँपालिका स्तरीय रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन थप प्रभावकारी बनाइनेछ । गाउँपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ ।

१५.आ.व. ०८०/०८१ मा रोजगार सेवा केन्द्रमा सूचिकृत १९२७ जना बेरोजगार श्रमिकलाई प्राथमिकता क्रमका आधारमा रोजगारीमा खटाइने छ ।

१६. "युवासँग स्थानीय सरकार, हुने छैनन् बेरोजगार" अभियानलाई कार्यान्वयन गर्न स्थानीय स्तरमा युवा रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. कुनै पनि काम ठूलो वा सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मूख जीवनशैली, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन ढकारी गाउँपालिकाको नीति हुनेछ ।

१८. ढकारी गाउँपालिकामा रहेको उब्जनी हुने बाँझो जग्गामा प्रधानमन्त्री रोजगार कार्यक्रममा छनौट भएका श्रमिकहरुद्वारा कृषि क्षेत्रमा काम गर्न कार्यविधि निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

**घ) लघु उद्यम विकास कार्यक्रम तर्फः**

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिने छ ।उद्यमीको स्तरोन्नतीका लागि आवश्यकता पहिचान गरी उचित सिप विकास तालिमको व्यवस्था गरिने छ ।

२. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

**ङ) सहकारी तथा गरिबी निवारण तर्फः**

१. गाउँपालिका भित्र दर्ता चाहने सहकारी संस्थाहरुलाई पूर्व सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२. विभिन्न निकायसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सहकारी संघसंस्थाहरुको नियमन प्रवर्धनमा संलग्न कर्मचारीहरु सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सहकारीका कर्मचारीहरु र सदस्यहरुको लागि तालिम, गोष्ठी, शिक्षा, अनुभव आदान प्रदान लगायत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. सहकारी संघ संस्थाहरुको नवप्रविधि प्रवर्धनमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सहकारी संस्थामार्फत कृषिजन्य उत्पादनको बजारीकरणमा सहयोग पुर्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. ढकारी गाउँपालिका अन्तर्गत कृषि सहकारी गठन नभएका वडाहरुमा सम्भाव्यता अध्ययन गरी कृषि सहकारी गठन गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

७. सहकारी संस्थाहरुको अनुगमन, नियमनमा जोड दिइनेछ ।

**च) न्यायिक समिति तर्फः**

१. सामुदायिक मेलमिलापका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. मेलमिलाप केन्द्र गठन गरी सञ्चालनमा ल्याइनेछ ।

३. न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. असहाय तथा टुहुरा बालबालिकाहरुलाई सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।

५. कानुनी परामर्श सेवा तथा कुप्रथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ) सामाजिक विकास तर्फः**

**क ) शिक्षा तथा खेलकुदः**

१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउँदै लगिने छ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न नियमित अनुगमन तथा पेसागत सहयोग प्रदान गरिने छ ।

३. बालविकास केन्द्रको अनुगमन गरी आवश्यकता र औचित्यको आधारमा बालविकास केन्द्र समायोजन गरिनुका साथै बालविकास शिक्षकको कार्य सम्पादनमा दक्षता अभिबृद्धि गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ । गाउँपालिकाले सञ्चालन गर्दै आएको उपलब्धी परीक्षा, वार्षिक परीक्षा र कक्षा ८ को परीक्षालाई समयानुकुल सुधार गरी थप व्यवस्थित गरिने छ ।

४. विद्यालयको शैक्षिक गुणस्तर वृद्वि गर्न स्थानीय स्तरमा उपलव्ध शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोगमा जोड दिइने छ ।

५. विद्यालय बाहिर रहेका बालबालिकाहरुको खोजी गरी विद्यालयमा भर्ना गराई टिकाउका कार्यक्रम संचालन गरिने छ ।

६. विद्यार्थीको सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

७. सामुदायिक विद्यालयमा दिवाखाजा व्यवस्थापनको लागि उपयुक्त मोडल पहिल्याई कार्यान्वयन गरिने छ ।

८. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विभिन्न शाखाहरुसँग आवश्यक समन्वय गरी शिक्षालाई बालबालिकाको सरसफाई र पोषणसँग जोड्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

९. गाउँपालिका भित्रका विद्यालयको कार्यक्रम एकरुपताका लागि शैक्षिक पात्रोको व्यवस्था गरी सोही अनुरुप कार्यक्रम संचालन गर्न लगाइने छ ।

१०. ढकारी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद कार्यक्रम संचालन गरी गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको आयोजना गरिने छ ।

११. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापनका लागि आवश्यकता अनुसार स्थानीय विषय वस्तुहरु समेटी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ ।

१२. गाउँपालिका भित्रको समग्र शैक्षिक क्षेत्रको विवरणहरु अद्यावधिक गरी प्रकाशन गरिने छ ।

१३. सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न क्षमता विकासको कार्यक्रम संचालन गरिने छ ।

१४. विद्यालयको IEMIS Focal Person को क्षमता विकासका लागि ICT तालिमको व्यवस्था गरिने छ ।

१५. गाउँपालिका स्तरीय खेलकूद विकास समिति गठन गरिने छ ।

१६. ढकारी गाउँपालिका भित्र रहेका कुनै एक विद्यालयलाई आवाशीय विद्यालय स्थापना गरिने छ ।

१७. पढ्दै कमाउदै कार्यक्रमको लागि आवश्यक कार्यविधि बनाइ पाइलट प्रोग्राम सञ्चालनमा ल्याइने छ ।

१८. डाक्टर, ईन्जिनियर, चार्टर एकाउन्टेन्ट पढ्ने विद्यार्थीहरुका लागि विशेष छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**(ख) विपद व्यवस्थापन तर्फः**

**१.** ढकारी गाउँपालिका अन्तर्गत विपद्का घटनाहरुको रोकथामन्यूनिकरण र पुनर्स्थापनाको लागि , लागू गरिनेछ । विपद् प्रतिकार्य योजना तयार गरी

२. विगतमा भएका विपद्का घटनाहरुबाट पाठ सिक्दै विपद् व्यवस्थापन कोष निर्माण गरी विपद् व्यवस्थापन कार्यविधिको पालना गरिनेछ ।
३. स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थान समितिको परिचालन मार्फत विपद् न्यूनिकरणको अभियान सञ्चालन गरिनेछ ।
४. विपद्का घटनाहरुको एकिकृत तथ्यांक वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरी एकरुपता कायम गर्दै तथ्यपरक बनाउन जोड दिइनेछ ।
५. विपद् व्यवस्थापनमा संलग्न व्यक्तिहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

**ग) भाषा, साहित्य, कला, संस्कृति र पर्यटन तर्फः**

१. स्थानीय मेला, जात्रा, उत्सव, पर्वहरुलाई व्यवस्थित, मर्यादित तथा सौहार्दपूर्ण बनाउन आवश्यक पहल गरिनेछ ।
२. भारीखेल, रतेडी, होरी, भुव, पुतला, धमारी, हुड्क्येली लगायतका परम्परागत नाचहरुको जगेर्नाका लागि आवश्यक काम गरिनेछ ।
३. कला एवम् साहित्यिक कार्यक्रमको आयोजना गरी स्थानीय पर्यटन प्रवर्धन गरिने छ ।
४. तितौडा- दह वण्ड, जाल्पादेवी, सुरेकाँडा, त्रिवेणी लगायतका क्षेत्रको पर्यटन प्रवर्धनमा जोड दिइने छ ।
५. स्थानीय भाषा, कला र संस्कृतिको जगेर्नाको लागि आवश्यक पहलकदमी गरिनेछ ।

**घ) स्वास्थ्य तर्फः**

ढकारी गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्बन्धी समस्या र चुनौतीलाई सम्बोधन गर्दै ढकारी गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्बन गरेको छ ।

१. ढकारी गाउँपालिकामा हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुको साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारी बनाउँदै, रक्षात्मक र प्रवर्धनात्मक सेवाहरु क्रमिक रुपमा विस्तार गरी प्रभावकारी रुपमा बस्ती र घरधुरीसम्म पहुँचको सुनिश्चित गरिने छ ।
२. ढकारी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गर्न न्यूनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।
३. ढकारी गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा प्रर्वधानात्मक, प्रतिकारात्कम, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवा केन्द्र स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

४. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको व्यवस्था गरिनेछ ।

५. निजी क्षेत्रका स्वस्थ्य सेवा प्रदायक संस्था, अस्पताल र फार्मेसीहरुलाई प्रचलित कानुन बमोजिम सेवा प्रवाहको मुल धारमा ल्याई ब्यबस्थित रुपमा सेवा संचालन, ब्यबस्थापन, रेकर्डिङ्ग र रिपोर्टिङ्ग एवं नियमन गरिने छ र नियमित अनुगमन गरिने छ ।

६. न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard ) अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।

७. सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग बृद्धि गरिनेछ ।

८. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरीनेछ ।

९. स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ ।

१०. ढकारी गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित वर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, विभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।

११. स्वास्थ्यवर्धक खाद्य पदार्थको प्रवर्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ, वडा तथा गाउँपालिका स्तरमा बहुक्षेत्रिय पोषण योजना अनुसार पोषण कार्यक्रमलाई निन्तर र प्रभावकारी रुपमा संचालन गरिने छ।

१२. विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण एवं प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।

१३. मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरुलाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सुदृढ र सक्षम बनाउदै, प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुँच सुनिश्चित गरिने स्वास्थ्य शिक्षा कार्यक्रमको एक अभिन्न अंगको रुपमा शिक्षण संस्थाहरु मार्फत प्रवाहित गरिनेछ । मानसिक स्वास्थ्य नीति लाई समायानुकुल परिमार्जन गरिनेछ ।

१४. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिने छ ।

१५. स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइने छ ।

१६. विभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

१७. स्वास्थ्य सेवाको पहुँच र उपयोगमा वृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

१८. अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरी लागू गरिनेछ ।

१९. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ ।

२०. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाममूखी बनाईने छ ।

२१. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग , गलगाँड, लागूपदार्थ दुर्व्यसनी जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

२२. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरी स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।

२३. तथ्यांक,जनसांख्यिक स्थिति र वितरणको आधारमा स्वास्थ्य सेवा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२४. आयूर्वेद लगायतका स्वास्थ्य सेवा स्थापना थप व्यवस्थित, मजवुत र गुणस्तरीय बनाईने छ ।

२५. सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थ सेवन, अस्वस्थकर जीवनयापन शैलीलाई निरुत्साहित गरी नियमन गरिनेछ र स्वस्थकर जिवनयापन गराउन जनचेतनाका कार्यक्रम, शारिरिक ब्यायम र योगा जस्ता कार्यलाई प्रोत्साहन, प्रवर्धन गरिने छ ।

२६. सबै स्वास्थ्य संस्था, स्वास्थ्य शाखा र पालिकाबाट स्वास्थ्यका तथ्यांकलाई वैज्ञानिक ढंगबाट व्यवस्थित गर्न आवश्यकता अनुसार तालिम तथा स्थलगत क्षमता अभिवृद्धि गर्दै लैजानुको साथै, अनलाईन रेकर्डिङ्ग र रिपोटिंङ्ग गर्ने व्यवस्था मिलाईने छ ।

२७. यस ढकारी गाउँपालिको केन्द्रमा थप जनशक्ति सहितको कम्तिमा १० शैयाको अस्पताल निर्माण गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।

२८. ढकारी गाउँपालिका अन्तर्गतका सम्पूर्ण लक्षित उमेरका बालबालिकालाई खोपको सुनिश्चितता गरी पूर्ण खोप दिगोपना पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२९. क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोज पडताल कार्यक्रम तथा घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम सम्बन्धी टि.पि.टि कार्यक्रम सञ्चालन गरिने छ ।

३०. मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसञ्चार, उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिने छ ।

३१. वाक नेपालको सहयोगमा एच.आई.भी. रगत परिक्षणका लागी टोल स्तरीय घुम्ती शिविर सञ्चालन गरिने छ ।

३२. एच.आई.भी रगत परिक्षणबाट रियाक्टिभ देखिएका व्यक्तिहरुका लागि ATR सेन्टरसम्म आतेजाते गाडी भाडाको व्यवस्था गरिने छ ।

३३. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सबै सेवाहरु दिगो विकास लक्ष्यको अवधारणा अनुसार क्रमशः लक्षित कार्यक्रमहरुलाई सुधार गर्दै लगिने छ ।

३४. स्वास्थ्य संस्थामा सामान्य सुत्केरी हुन नसकि रिफर गर्नुपर्ने अवस्थामा जाँचबुझ गरी असहाय, अति गरिब तथा विपन्न नागरिक पहिचानको आधारमा यातायातको उचित व्यवस्थापन गरिनेछ ।

३५. आवश्यक स्थानमा स्तनपान कक्ष स्थापना गरिने छ ।

३६. आवश्यक स्थानमा गाउँघर क्लिनिक स्थापना गरिने छ ।

३७. ढकारी गाउँपालिका अन्तर्गत शव बहानको व्यवस्था गरिने छ ।

३८. आवश्यक कार्यविधि बनाई गर्भवती महिलालाई मासिक भत्ताको व्यवस्था गरिने छ ।

**ङ) बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फः**

१. महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ ।

२. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशील क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदि समेतमा बहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिने छ ।

३. पोषण सुधारको लागि बिपन्न समुदायका महिला समूहहरुलाई बिपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

**ङ) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फः**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी पार्श्वचित्र तयार गरिने छ ।

२. गा.पा.को कार्यालय, शाखा तथा वडामा सेवाप्रवाहलाई थप छिटो छरितो र प्रभावकारी बनाउन सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरिनेछ।

३. पदाधिकारी एवम् कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ। सोका लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।

४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्ध, पारदर्शी र उत्तरदायी बनाइनेछ ।

५. दिगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन बिना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन। राजश्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्ने प्रयास गरिने छ। प्राकृतिक स्रोतको उपयोग र निकासीमा बढ्दो चुहावट नियन्त्रण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ।स्थानीय समुदाय एव स्थानीय प्रशासन सुरक्षा निकायसँगको सहकार्यमा अनुगमनलाई तिव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६. पहाडी विकट जिल्लामा रही अति दुर्गमताको दृष्टिकोणले (क) वर्गमा पर्ने यस ढकारी गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई आगामी आ.व. मा रू. ३० लाख कर राजश्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम

नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजश्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

७. आ.व २०८०/०८१ अन्तर्गत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका आधार र सूचकहरुलाई थप प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ ।

८. कर्मचारी प्रोत्साहन एवम् उत्प्रेरणाको लागि दण्ड र पुरस्कारको व्यवस्था गर्न आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

९. करार सेवामा कार्यरत कर्मचारीको करार सम्झौता कार्यसम्पादन मूल्यांकनको आधारमा मात्र नवीकरण गरिनेछ ।

**च) सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ**

१. सामाजिक सुरक्षा भत्ता को सन्दर्भमा, सामाजिक सुरक्षा ऐन-२०७५ (संशोधन सहित), सामाजिक सुरक्षा नियमावली-२०७६ (संशोधन सहित) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ अनुसार थप सहज,सुदृढिकरण गरिने छ । साथै सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट विभिन्न समयमा जारी भएका परिपत्रहरु लाई समेत ध्यानमा राखी आवश्यक कार्य गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण साउन १ गते देखि भदौ मसान्त भित्र गर्न/गराउन आवश्यक कार्य गरिनेछ ।

३. पञ्जीकरण तर्फ, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन-२०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली-२०७७ (संशोधन सहित) र विभिन्न समयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जारी भएका परिपत्र अनुसार व्यक्तिगत घटना दर्ता लाई थप सुदृढीकरण तथा घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा अनिवार्य घटना दर्ता गराउने सम्बन्धि आवश्यक कार्य गरिनेछ ।

४. व्यक्तिगत घटना दर्ताको आवश्यकता र महत्त्वबारे आम सर्वसाधारणलाई सचेत गराई शत् प्रतिशत घटना दर्ता को लक्ष्य हासिल गर्न आवश्यक कार्य गरिनेछ ।

५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा BRS (Birth registration system) सञ्चालनको लागि आवश्यक कार्य गरिनेछ ।

**छ) आन्तरिक लेखा परीक्षण तर्फः**

१. आन्तरिक लेखा परीक्षण कार्यविधि तयार बनाई कार्यान्वयन गरिनेछ ।

२. नियमितता, कार्यदक्षता, मितव्ययिता र प्रभावकारिताको आधारमा नियमानुसार प्रत्येक त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरिनेछ ।

३. महालेखा परिक्षकको कार्यालयबाट गरिने अन्तिम लेखा परिक्षण कार्यलाई सहयोग गरिनेछ ।

४. ढकारी गाउँपालिकाको अन्य आवश्यक कार्यमा सहयोग गरिनेछ ।

**ज) सूचना प्रविधि तर्फः**

१. संघीय तथा प्रदेश सरकारले अनिवार्य गरेको सूचना प्रविधि तथा सफ्टवेयरहरुलाई ढकारी गाउँपालिकाले कार्यप्रणालीमा समावेश गर्नका लागि आवश्यक कार्वाही गरिनेछ ।

२. ढकारी गाउँपालिकाको हरेक काम कारबाहीलाई कम्प्युटर प्रविधिमा डिजिटाइज्ड (Digitized) गर्दै कागज रहित सेवा सञ्चालनमा जोड दिईनेछ ।

३. ढकारी गाउँपालिकाको पूर्वाधार लगायत हरेक आयोजनाहरु विद्युतीय प्रविधि मार्फत व्यवस्थापन गर्ने र लक्षित उपभोक्ताको सहभागिता समेत सुनिश्चित गरिनेछ ।

४. ढकारी गाउँपालिकाले प्रदान गर्ने सूचना तथा सेवाहरुमा आम नागरिकहरुको गुनासो, सुझाव तथा पृष्ठपोषणहरुलाई सहज रुपमा ग्रहण गर्न र उनीहरुलाई आफ्ना कुराहरु राख्न सहज हुने गरी विद्युतीय गुनासो व्यवस्थापन प्रणालीको विकास र प्रयोग गर्ने/गराईनेछ ।

५. ढकारी गाउँपालिकाको प्रत्येक आर्थिक वर्ष शुरु भएको १ महिना भित्र वार्षिक नीति, कार्यक्रम तथा वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई खुला तथ्यांकीय ढाँचामा उपलब्ध हुने गरी वेब/पोर्टलमा राखिनेछ ।

६. "अडियो सहितको विद्युतीय - नागरिक प्रतिवेदन पत्र" (e-Citizen Charter) तथा "वहिरगमन अभिमत (Exit-Poll) सहितको "विद्युतिय- नागरिक प्रतिवेदन पत्र" (e- Citizen Report Card) प्रविधिको विकास र अवलम्वन गरिनेछ ।

७. ढकारी गाउँपालिकाले सम्पादन गर्ने न्यायिक मामिलाहरुको अभिलेखहरु व्यवस्थित गर्न न्यायिक मामिला व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउने र प्राप्त मामिलाहरुको दर्ता, त्यसको विवरण, मामिलाहरुमा भएको प्रगतिलाई विद्युतीय सूचना प्रविधिको प्रयोग गरी व्यवस्थापन गरिनेछ ।

८. ढकारी गाउँपालिकाको दैनिक कार्यलाई चुस्त दुरुस्त र व्यवस्थित अभिलेख राख्न र नागरिकको सूचनामा सजिलै पहुँच अभिवृद्धि गर्नको लागि पालिका सूचना केन्द्र (Municipal Techno Hub) तथा सामुदायिक सूचना केन्द्र (Community Techno Hub) को स्थापना तथा प्रभावकारी सञ्चालनलाई संस्थागत गरिनेछ ।

९. सूचना प्रविधिका प्रणालीहरु विकास गर्दा नागरिकहरुको आश्यकता अनुसारका महत्वपूर्ण र संवेदनशील सेवाहरुको पहिचान गरी त्यस्ता सेवाहरु छिटो छरितो, सुलभ,गुणस्तरीय तथा प्रभावकारी हुने गरी गरिनेछ ।

१०. स्थानीय स्तरका निर्णय प्रक्रिया, परियोजना/आयोजना कार्यान्वयन तथा त्यसको अनुगमन कार्यहरुमा नागरिकहरुको संलग्नतालाई सुनिश्चित गर्न प्रविधिमा आधारित संयन्त्र/प्रणालीहरुको विकास एवम् प्रयोग गर्ने गराउने ।

११. ढकारी गाउँपालिकाले सूचना तथा संचार प्रविधि सम्बन्धी प्रणालीको प्रयोग मार्फत तथ्यांक व्यवस्थापन गर्ने कार्यलाई अवलम्बन गर्ने र जनशक्ति विकासका लागि आवश्यक क्षमता अभिवृद्धिको व्यवस्था गरिनेछ ।

१२.	सूचना तथा प्रविधिका प्रणालीहरुमा उपलब्ध तथ्यांक वा सूचनालाई आवश्यकता अनुसार स्थानीय तहको विकास प्रक्रिया/क्रियाकलापमा प्रमाणको रुपमा प्रयोग गरिनेछ ।

**सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु । अनुमानित आय तर्फ **संघ**बाट प्राप्त हुने **वित्तीय समानीकरण** तर्फको अनुदान रकम रू. **९ करोड ४८ लाख**, **प्रदेश** वाट **वित्तीय समानीकरण** तर्फको अनुदान **रू ६६ लाख ६३ हजार**, **संघबाट** प्राप्त हुने **राजश्व वाँडफाँड** वाट रू. **९ करोड ७९ लाख ७३ हजार ३ सय** रूपैंया र **प्रदेश** वाट प्राप्त हुने **राजश्व वाँडफाड** बाट रू. **२० लाख २ हजार, संघ** सरकारवाट प्राप्त हुने **शर्शत अनुदान १८ करोड ३६ लाख, संघ** सरकारबाट प्रप्त हुने **विशेष अनुदान** रु **५० लाख, संघ** सरकार बाट प्राप्त हुने **समपुरक अनुदान** रु **६० लाख प्रदेश सरकारबाट प्राप्त हुने सर्शत अनुदान ५१ लाख,प्रदेश सरकारको समपुरक अनुदान** ४० **लाख** र **आन्तरिक आम्दानी**को अनुमानित प्रक्षेपण रू **३० लाख** गरी **कुल जम्मा** वजेट रू **४० करोड ८१ लाख ३८ हजार ३ सय** हुने अनुमान गरेको छु ।

**आ.व.२०८०/८१ का लागी**

**ढकारी गा.पा. जम्मा आयको विवरण**

| क्र.स. | तह/ प्रकार | समानीकरण अनुदान | सशर्त अनुदान रु. | बिशेष अनुदान | समपुरक अनुदान | राजश्व बाँडफाँट | आन्तरिक स्रोतबाट आय | अन्य स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | संघ | ९ करोड ४८ लाख | १८ करोड ३६ लाख | ५० लाख | ६० लाख | ९ करोड ७९ लाख ७३ हजार ३ सय | | |
| २. | प्रदेश | ६६ लाख ६३ हजार | ५१ लाख | ० | ४० लाख | २० लाख ०२ हजार | | |
| ३. | गा.पा. | | | | | | ३० लाख | |
| **कुल जम्मा** | | **४० करोड ८१ लाख ३८ हजार ३ सय** | | | | | | |

**सभाध्यक्ष ज्यू,**

आ.व. ०८०।८१ को अनुमानित व्यय तर्फ कुल विनियोजन मध्ये चालुतर्फ **रू ३४ करोड १३ लाख ६९ हजार** र पुँजीगत तर्फ रू. **६ करोड ६७ लाख ६९ हजार ३ सय** गरी जम्मा रू ४० **करोड ८१ लाख ३८ हजार** ३ सय विनियोजन गरेको छु । जस मध्ये चालु खर्च तर्फ कुल वजेटको **८३.६४** प्रतिशत र पूँजीगत तर्फ **१६.३६** प्रतिशत रहेको छ ।

**सभाध्यक्ष ज्यू,**

ढकारी गाउँपालिकाको कुल विनियोजित बजेट बाट व्यहोर्ने गरी सम्पुर्ण वडामा **करोड लाख** बजेट बिनियोजन गरेको छु ।

त्यसैगरी चालु खर्च अन्तर्गत गाउँपलिका र विषयगत शाखाको लागि रू. **करोड लाख हजार** विनियोजन गरेको छु ।

**आ.व. २०८०/०८१ को चालु खर्च तर्फको विनियोजित बजेट**

| **क..स** | **खर्च शिर्षक** | **बजेट विनियोजन** | **कैफियत** |
|---|---|---|---|
| १ | संघिय ससर्त चालु | १७७४०००००( **१७ करोड ७४ लाख)** | |
| | प्रदेश सर्शत चालु | ५५००००(५ लाख ५० हजार) | |
| २ | शिक्षक पारिश्रमिक | ५३६१९००० **(५ करोड ३६ लाख १९ हजार)** | |
| ३ | पोषण साझेदारी कार्यक्रम | **५०००००( ५ लाख)** | |
| ४ | औषधि खरिद | ३०००००० **(३० लाख)** | |
| ५ | वडागत चालु | २४५०००० **(२४ लाख ५० हजार)** | |
| ६ | शाखागत चालु | ७६००००० **(७६ लाख )** | |
| ७ | विपद कोष | २५००००० **(२५ लाख)** | |
| ८ | आर्थिक सहायता कोष | ८००००० **(८ लाख)** | |

| | | | |
|---|---|---|---|
| ९ | गर्भवतीसंग उपाध्यक्ष पोषण कार्याक्रम | २५००००० (२५ लाख) | |
| १० | साहित्यिक सम्मेलन | ४५०००० (४ लाख ५० हजार) | |
| ११ | खेलकुद विकास | ९००००० (९ लाख) | |
| १२ | दशै मेला व्यवस्थापन | १००००० (१ लाख) | |
| १३ | गा.पा. प्रशासनिक खर्च | ८,९०,००००० (८ करोड ९० लाख) | |
| **जम्मा** | | ( ३४ करोड १३ लाख ६९ हजार) | |

| **आ.व. २०८०/८१ को पुँजिगत खर्च तर्फको विनियोजित बजेट** | | | |
|---|---|---|---|
| **क्र.स.** | **खर्च शिर्षक** | **बजेट विनियोजन** | **कैफियत** |
| १ | संघीय सर्शत पुँजिगत | ६२०००००(६२ लाख ) | |
| २ | प्रदेश सर्शत पुँजिगत | ४५५०००० (४५ लाख ५० हजार) | |
| ३ | बुढाखोला खानेपानी निर्माण ढकारी ३ | ५०००००० (५० लाख) | संघ विशेष |
| ४ | रुज बासल्ला बिक्रमाखण्ड सडक निर्माण | ६०००००० (६० लाख) | संघ समपुरक |
| ५ | तल्लो ठुलासैन देखि मल्लो ठुलासैन सम्मको सडक निर्माण | ४००००००( ४० लाख ) | प्रदेश समपुरक |
| ६ | समपुरक कोष | १००००००० (१ करोड) | |
| ७ | गा.पा भवन निर्माण | ५००००००(५० लाख) | |
| ८ | सडक बोर्ड लागत साझेदारी | १४००००० (१४ लाख) | |
| ९ | वडागत योजनाहरूको पुरानो | १८६९३०० ( १८ लाख ६९ हजार ३ | |

| | | | |
|---|---|---|---|
| | भुक्तानी बजेट | सय) | |
| १० | गा.पा योजनाहरूको पुरानो भुक्तानी | ७०५०००० ( ७० लाख ५० हजार ) | |
| ११ | विधुत विस्तार | १००००००००(१ करोड) | |
| १२ | आखा उपचार केन्द्र निर्माण संचालन | १००००००( दश लाख) | |
| १३ | सहकारी | १५००००० (१५ लाख) | |
| १४ | अन्य सार्वजनिक निर्माण | ९०००००(९ लाख) | |
| १५ | दलित टोल निर्माण | ९०००००(९ लाख) | |
| १६ | खानेपानी तथा सरसफाई | ८०००००(८ लाख) | |
| १७ | विकास साझेदारी कार्यक्रम | ६०००००( ६ लाख) | |
| **जम्मा** | | **( ६ करोड ६७ लाख ६९ हजार ३ सय)** | |

- आगामी आ.व.०८०।८१ मा आय स्रोतको प्रकृति एवं स्रोत अनुमानित सुनिश्चितता भएका आम्दानी बमोजिमको व्यय अनुमान गरिएकोले बजेटलाई बढी महत्वकांक्षी नबनाई परिणाममुखी ठोस योजना तथा कार्यक्रम सञ्चालन गर्ने हेतुले आय र व्यय बराबर हुने गरी सन्तुलित बजेट ल्याएको छु ।

- प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथिहरु, नागरिक समाज, बुद्धिजिवी, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण ढकारी गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

- अन्त्यमा, यस ढकारी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने ढकारी गाउँपालिकाका नागरिक, करदाता, ढकारी गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

- समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थको धरातलमा उभिएर चुनौतीहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं । धन्यवाद !

नेत्रकला देवी शाही<br>
उपाध्यक्ष<br>
ढकारी गाउँपालिका

<u>शाखागत योजनाहरुको विवरणः</u>

## पशु सेवा शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क.सं. | कार्यक्रम र क्रियाकलापहरु | वजेट |
|---|---|---|
| १ | उपचार सेवा मेडिकल माईनर सर्निकल उपचार र औषधि खरीद | ३०००००.० |
| २ | पशुस्वास्थ्य घुम्ति शिविर | १०००००.० |
| ३ | आकस्मिक उपचार सेवा | १०००००.० |
| ४ | क्षमता विकास तालिम र रोग निदान प्रयोगशाला परीक्षण | ५००००.० |
| ५ | महामारी रोग लम्फि स्किन रोग नियन्त्रणका औषधि खरीद | २५००००.० |
| ६ | खोप सेवा | २०००००.० |
| ७ | वडाका पशु सेवा प्राविधिकसँग मासिक रिपोटीङ बैठक | १५००००.० |
| ८ | सुचना तथा सञ्चार बिबिध खर्च | ५००००.० |
| | जम्मा | १२०००००.० |

## महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाको आ. व. २०८०/८१ को कार्यक्रम

| क. सं. | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | तिज विशेष कार्यक्रम | ६०००० |
| २ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान | ४०००० |
| ३ | लैंगिक हिंसा निवारण कोष स्थापना | १००००० |
| ४ | आकष्मिक बालकोष स्थापना | १००००० |
| ५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १००००० |
| ६ | दिवस (महिला दिवस राष्ट्रिय/अन्तराष्ट्रिय, बाल दिवस, अपांग दिवस आदि) | १००००० |
| **जम्मा बजेट** | | **५०००००** |

## स्वास्थ शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क्र.स | प्रस्तावित कार्यक्रम | रकम |
|---|---|---|
| १ | खोप कार्यकर्ता ( करार कर्मचारि) हरुको मासिक फिल्ड भत्ता खर्च रकम। | १९८००० |
| २ | पालिका स्तरिय मासिक रिपोर्टिङ तथा स्टाप बैठक साथै समिक्षा खर्च । | १५०००० |
| ३ | HMIS-LMIS परिमार्जित रजिष्टर छपाई | २१७००० |
| ४ | HMIS-LMIS को डाटा इन्ट्रि साथै सुचना प्रणाली व्यवस्थापन खर्च । | १८००० |
| ५ | त्रैमासिक आकस्मिक औषधि ,नियमित मासिक खोप तथा( RUTF) ढुवानि तथा व्यवस्थापन खर्च । | १४०००० |
| ६ | स्वास्थ्य शाखा सहित स्वा.संस्थाहरुको एकमुस्ट मसलन्द खरिद तथा व्यवस्थापन खर्च (९ वटा स्वास्थ्य संस्थाहरु) २०००० र १५००० का दरले | १८५००० |
| ७ | स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुमा प्रयोग हुने अति आवशयक फर्म ,फर्मेट ,अनुसुचि तथा सेवा रजिस्टर साथै कार्ड छपाइ तथा व्यवस्थापन खर्च। | ४२००० |
| ८ | अर्धबार्षिक तथा बार्षिक समिक्षा कार्यक्रम खर्च | १००००० |
| ९ | स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुमा आवशयक औजार उपकरण खरिद तथा व्यवस्थापन खर्च । | ८०००० |
| १० | नि;शुल्क सुरक्षित गर्भपतन सेवा संचालन ,निरन्तरता ,औषधि लगायत केमिकल खरिद तथा व्यवस्थापन खर्च। | ७०००० |
| | जम्मा | १२००००० |

**शिक्षा युवा तथा खेलकुद शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः**

| क्र.स. | कार्यक्रमको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम निर्माण र छपाई | ५५०००० (५ लाख ५० हजार |
| २ | शिक्षा समिति बैठक संचालन | १००००० (१ लाख) |
| ३ | शैक्षिक क्यालेन्डर निर्माण र छपाई | १००००० (१ लाख) |
| ४ | आधारभुत तह कक्षा ८ उतिर्ण परीक्षा संचालन र व्यवस्थापन | २५०००० (२ लाख ५० हजार) |
| ५ | प्र.अ बैठक तथा अन्तरक्रिया | २५०००० (२ लाख ५० हजार) |
| ६ | विधालय अनुगमन तथा पेशागत सहयोग कार्यक्रम | १००००० (१ लाख) |
| ७ | शैक्षिक विवरण संकलन र अभिलेखीकरण | ३०००० (३० हजार) |
| ८ | विज्ञापन सुचना र संचार | २०००० (२० हजार) |

| | | |
|---|---|---|
| ९ | खेलकुद कार्यक्रम | १००००० (१ लाख ) |
| **जम्मा** | | **१५००००० (१५ लाख)** |

## कृषि विकास शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क्र. स | कार्यक्रम | रकम |
|---|---|---|
| १ | चक्ला बन्दि/साना सिचाई/ बिसादि खरिद र युवा लक्षित कार्यक्रमको पुरानो भुक्तानी | २०५००० (२ लाख ५ हजार) |
| २ | ५०% अनुदानमा तरकारी बिउ वितरण | १५०००० (१ लाख ५० हजार) |
| ३ | आकस्मिक वालि संरक्षणका लागि विषादी खरिद वितरण | १००००० (१ लाख) |
| ४ | डि.एस.एल आर क्यामरा खरिद | १००००० (१ लाख) |
| ५ | ५ बर्षे कृषि विकास रणनिति | १००००० (१ लाख) |
| ६ | तरकारी कम्पोजित किट वितरण | ३३६००० (३ लाख ३६ हजार) |
| ७ | जियो कृषि सम्बन्धि कृषकहरूलाइ तालिम | २०९००० (२ लाख ९ हजार) |
| **कुल जम्मा** | | **१२०००००** |

## सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको कार्यक्रम

| क्रसं. | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरणको सिविर संचालन | १०००००(१ लाख) |
| २ | त्रैमासिक समिक्षा कार्यक्रम | १०००००(१ लाख) |
| **कुल जम्मा** | | **२०००००( २ लाख)** |

## सहकारी शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क्र. सं. | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | जम्मा |
|---|---|---|
| १ | कोपोमिस सम्बन्धि सहकारी सञ्चालकका लागी तालिम तथा प्रविधि हस्तान्तरण | ३००००० |
| २ | पुर्व सहकारी शिक्षा | २००००० |
| **जम्मा** | | **५०००००** |

## न्यायिक समिति बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क्र. सं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | मेलमिलाप केन्द्र गठन तथा सञ्चालन | २००००० |
| २ | बैठक सञचालन तथा उजुरी छलफल | ८०००० |
| ३ | कानूनी परामर्श कानून सम्बन्धि ऐन नियम निर्देशिका तथा पुस्तक खरिद | ९५००० |
| ४ | सूचना तथा सञ्चार | २५००० |
| ५ | असहाय तथा टुहुरा बालबालिकाका लागी प्रोत्साहन सहयोग | २००००० |
| ६ | अनुगमन तथा व्यवस्थापन | १००००० |
| **जम्मा** | | **७०००००** |